# दैनिक लुम्बिनी

निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३८ | अंक २५१ | बुटवल | २०८३ असोज ०९, गते शुक्रबार | नेपाल संवत ११४६ | Friday September 25, 2026 | पृष्ठ ४ | मूल्य रु. १० मात्र | Lumbini



**बिल लिने र दिने बानी बसालौं**

- बिल-बीजक उपभोक्ता अधिकारको सुरक्षा हो,
- प्रत्येक खरिद, बिक्रीमा बिल-बिजकलाई खरिदको प्रमाणका रूपमा सुरक्षित राखौं, - म्याद नाघेका, गुणस्तरहीन वा लेबल नभएका वस्तु खरिद, बिक्री नगरौं,
- वस्तु तथा सेवाको मूल्य, गुणस्तर, परिमाण र उत्पादन मिति जाँच गरेर मात्र खरिद गरौं,
- अनुचित मूल्यवृद्धि, ठगी वा कालोबजारी भएमा सम्बन्धित निकायमा जानकारी गराऔं, - जिम्मेवार उपभोक्ता र इमानदार व्यवसायी मिलेर स्वच्छ बजार निर्माण गरौं।

**सचेत उपभोक्ता बनौं, स्वच्छ र पारदर्शी बजार निर्माणमा सहयोग गरौं।**

**नेपाल सरकार विज्ञापन बोर्ड**


## दाहाललाई रिहा गर्न परमादेश



बुटवल। राजनीतिक विश्लेषक भरतमणि दाहाललाई तत्काल रिहा गर्न सर्वोच्च अदालतले परमादेश दिएको छ। बन्दी प्रत्यक्षीकरणको रिटमाथि सुनुवाइ गर्दै बिहीबार न्यायाधीशद्वय कुमार रेग्मी र सुनील पोखरेलको संयुक्त इजलासले यस्तो आदेश दिएको हो।

दाहाललाई प्रहरीले असोज ४ गते मोरङको बेलबारीबाट पक्राउ गरेको थियो। गैरकानुनी पक्राउ भन्दै रिहाइको माग गरेर दाहालकी छोरी डेनिकाले बन्दीप्रत्यक्षीकरण रिट दायर गरेकी थिइन्। उक्त रिटमा मंगलबार न्यायाधीश कुमार रेग्मीको इजलासले सुनुवाइ गर्दै २४ घण्टाभित्र अदालतमा उपस्थित गराउन आदेश दिएको हो।

भरत दाहाललाई २४ घण्टाभित्र सर्वोच्चमा उपस्थित गराउन आदेश

यस्तै सरकारसँग पक्राउ गर्नुको कारण पनि माग गरेको थियो। विवादास्पद अन्तरवार्तापछि उनलाई पक्राउ गरिएको थियो। दाहालले अन्तरवार्तामा संविधान र कानुनविरुद्ध हिंसात्मक अन्दोलनको आह्वान गरेको भन्दै विद्युतीय कारोबार ऐन अन्तरगतको कसुरमा अनुसन्धान भइरहेको छ।

» *बाँकी ३ पेजमा*

## सिद्धबाबा–दोभान सडक खण्डमा ७ दिन रातिमा यातायात बन्द

बुटवल। लगातारको वर्षाका कारण पहिरो तथा बाढीको जोखिम बढेपछि पाल्पा जिल्ला प्रशासन कार्यालयले सिद्धार्थ राजमार्गअन्तर्गत दोभान-सिद्धबाबा सडकखण्डमा रातिको समयमा सवारी आवागमन बन्द गर्ने निर्णय गरेको छ। जिल्ला प्रशासन कार्यालय पाल्पाका सहायक प्रमुख जिल्ला अधिकारी राजेश पन्थीले बिहीबार जारी गरेको अत्यावश्यक सूचनाअनुसार असोज ८ गतेदेखि असोज १२ गतेसम्म उक्त सडकखण्डमा हरेक दिन बेलुका ७ बजेदेखि बिहान ५ बजेसम्म सवारी आवागमन बन्द गरिने भएको हो।

हाल मौसममा आएको परिवर्तनका कारण पाल्पामा निरन्तर वर्षा भइरहेको र आगामी केही दिनसम्म अति भारी वर्षा हुनसक्ने सम्भावना रहेको नेपाल मौसम विज्ञान विभागलगायतका सूचनालाई आधार बनाएर प्रशासनले यस्तो निर्णय गरेको विज्ञप्तिमा जनाइएको छ। वर्षाका कारण बाढी, पहिरो तथा डुबानलगायतका विपद्जन्य जोखिम उत्पन्न हुन सक्ने अवस्था रहेकाले यात्रु तथा सवारीसाधनको सुरक्षा सुनिश्चित गर्न रातिको समयमा सडक बन्द गर्ने निर्णय गरिएको जिल्ला प्रशासन कार्यालय पाल्पाले जनाएको छ। प्रशासनले उक्त अवधिमा दोभान-सिद्धबाबा खण्ड हुँदै यात्रा गर्ने सर्वसाधारणलाई वैकल्पिक समय मिलाएर यात्रा गर्न आग्रह गरेको छ।

अत्यावश्यक अवस्थामा जिल्ला प्रशासन कार्यालय पाल्पाले ०७५-५२०१३, ५२०१४ र ५२०१५, नेपाल प्रहरी १००, ट्राफिक प्रहरी १०३, सशस्त्र प्रहरी बल ११११४ तथा जिल्ला आपत्कालीन केन्द्र १२३४ मा सम्पर्क गर्न आग्रह गरेको छ।

### मासु जाँच ऐन :

# सीमित ठूला व्यवसायीले बजार कब्जा गर्ने र हजारौं साना व्यवसायी विस्थापित हुने आशंका

ऐन लागू हुनुअघि देशभरका व्यवसायीलाई संगठित गरी छाता संस्था महासंघ बनाएर सरकारसँग व्यवसायीको हक अधिकार सुनिश्चित गराउन दबाब दिने तयारी छ।

**टिआर शर्मा**

*बुटवल*

सरकारले आगामी माघ १ गतेदेखि पशु बधशाला तथा मासु जाँच ऐन २०५५ कार्यान्वयनमा ल्याउन थालेको छ। तर यो ऐन कार्यान्वयनमा ल्याउनुअघि सरकारले हजारौंको संख्यामा रहेका साना व्यवसायीसँग सघन छलफल र सहमति गर्नुपर्ने अन्यथा ऐन लागू हुन नसक्ने व्यवसायीले बताएका छन्।

साना मासु व्यवसायी कोही पनि विस्थापित नहुने सुनिश्चित गरेर ऐन लागू गर्नुपर्ने रुपन्देहीका मासु व्यवसायीको माग छ। मासु जाँच ऐन कार्यान्वयनबाट केही ठूला व्यावसायीले मात्र आर्थिक लाभ उठाउने र मासुको बजार एकलौटी कब्जा गर्ने औजार बनेर हजारौं साना व्यवसायी विस्थापित हुने अवस्था नआउने सुनिश्चितता सरकारले गर्नुपर्ने उनीहरुको माग छ।

मासु व्यवसायी संघ रुपन्देहीले बिहीबार बुटवलमा सरोकारवाला निकायसंग उक्त ऐन र त्यसले पार्ने प्रभावबारे अन्तरक्रिया गरी हजारौंको संख्यामा रहेका साना व्यवसायीको रोजीरोटी खोस्ने गरी ऐन कार्यान्वयनमा ल्याउन खोजिएको संकेतहरु देखिएकाले माग सम्बोधन विना ऐन लागू नगर्न तीनै तहका सरकारको ध्यानाकर्षण गराएको छ।

संघका अध्यक्ष विशाल थापाले सरोकारवाला व्यवसायीसँग पर्याप्त छलफल गरेर उनीहरुका जायज माग सम्बोधन गरेर मात्र ऐन कार्यान्वयनमा ल्याउन सुझाव दिए। साना व्यवसायीको पसल ऐनले तोकेको मापदण्ड अनुसार सुधार गर्न पाउने अवसर दिएर वर्षौंदेखि गरिआएको व्यवसायबाट विस्थापित हुनु नपर्ने सुनिश्चित गरेर मात्र ऐन कार्यान्वयन गर्न उनले माग गरे। मुख्य सरोकारवाला निकायसँग संवाद, समन्वय र सहमति नगरी एकतर्फीरुपमा ऐन कार्यान्यनमा ल्याए त्यो सफल नहुने थापाले स्पष्ट पारे। 'हजारौं संख्यामा रहेका साना व्यवसायीका समस्या र माग नसुनी, संवाद नगरी एकतर्फरुपमा ऐन कार्यान्वयनको जोडबल र तयारी हेर्दा सरकार सीमित ठूला व्यवसायीलाई पोस्ने र साना व्यवसायी विस्थापित गर्न खोज्दै त छैन भन्ने केही आधार र आशंका उब्जिएका छन्,' अध्यक्ष थापाले भने-'रुपन्देहीका सयौं साना मासु व्यवसायी र हजारौं किसान आबद्ध सहकारी संस्थाहरुको कम्पनीलाई सञ्चालन गर्न दिने पुर्व तयारीलाई बद्नियतपूर्वक तोडेर बुटवल बाहिरको ठूलो कम्पनीलाई जिम्मा दिँदा करोडौं लगानीको बधशाला चल्न नसकेर असफल भएको उदाहरण ताजै छ।' अध्यक्ष थापाले रुपन्देहीका करिब ५ हजारको संख्यामा रहेका साना मासु व्यवसायीका मागलाई नजर अन्जाज गरेमा ऐन कार्यान्वयन हुन नसक्ने बताए। यस्तो अवस्था देशैभर रहेको उनको भनाइ छ। ऐन लागू हुनुअघि देशभरका व्यवसायीको छाता संस्था महासंघ बनाएर सरकारसंग व्यवसायीको हक अधिकार सुनिश्चित गराउन दबाब दिइने थापाले बताए। अध्यक्ष थापाले पशु वधशाला स्थापना गर्न र मासु पसल सञ्चालन गर्न सरकारी निकायबाट अनिवार्य इजाजतपत्रका लागि बागमती प्रदेशले आवेदन माग गरिसकेको, तर लुम्बिनीमा कुनै सुरसार नै नभएकाले समयमै आवेदन खुला गर्न माग गरे।




अध्यक्ष थापाले ऐन लागु गर्दा व्यवसायीसंग द्वन्द्वको अवस्था आउन नदिन सरकार नै संवेदनशील हुनुपर्ने बताए।

अन्तरक्रियामा बुटवल उप-महानगरपालिकाकी उप-प्रमुख सावित्रादेवी अर्यालले उपभोक्ताले स्वस्थकर मासु उपभोग गर्न पाउने अधिकार र व्यवसायीले व्यवसाय गर्न पाउने दुबै पक्षको अधिकार सुनिश्चित हुने गरी ऐन कार्यान्वयनमा ल्याउनुपर्ने बताइन्। ऐन व्यवसायीको हितमा छ छैन भन्ने अध्ययन गर्न बांकी रहेको अर्यालले बताइन्। व्यवसायीका जायज माग सम्बोधन नगरी ऐन कार्यान्वयनमा ल्याउंदा त्यसले व्यवसायी र सरकारबीच द्वन्द्व सिर्जना हुने र हजारौं साना व्यवसायी विस्थापित हुनुपर्ने अवस्था आउन दिन नहुनेमा सरोकारवाला सबै पक्षको बेलैमा ध्यान जानुपर्ने उनले बताइन्। जेन जी आन्दोलन, भोटेकोशी बाढीको असर लगायतका घटनाले व्यवसायीहरु समस्यामा परेकाले उनीहरुलाई व्यवसायमा टिकाइराख्ने गरी ऐन लागू हुनुपर्ने उप-प्रमुख अर्यालको भनाइ थियो।

मासु व्यवसायी लक्ष्मण श्रेष्ठले बुटवलमा केही महिना बधशाला सञ्चालनमा आउँदा दक्ष प्राविधिक जनशक्तिको अभाव देखिएकाले हतारमा ऐन लागू गर्नु भन्दा पर्याप्त तयारी गर्न सुझाव दिए। खसी बोका पालक किसान होमादेवी पौडेलले बुटवल उपमहानगरको वर्तमान नेततृत्वले मासु व्यवसायी र खसी बोका पालक किसानसँग भएको पूर्व सहमति तोडेर बाहिरको निजी कम्पनीलाई हस्तान्तरण गर्दा २२ करोड बढी लगानी भएको बधशाला सञ्चालनमा आउन नसकेको बताइन्। मासु जाँच ऐन कार्यान्वयनमा ल्याउनु अघि बुटवलको बधशाला सञ्चालन किन असफल भएको हो भन्नेबारे तथ्यपरक गहिरो अध्ययन हुनुपर्ने माग गरिन्। बधशाला दीगो सञ्चालनका लागि स्थानीय मासु व्यवसायीसँगै हजारौं खसी बोका पालक किसानसँग पनि छलफल र परामर्श गर्नुपर्ने पौडेलले सुझाव दिइन्।

अन्तरक्रियामा उपभोक्ता हित संरक्षण मञ्च रुपन्देहीका अध्यक्ष समुन्द्र जीसी,बुटवल उप-महानगरकी पशु शाखा प्रमुख वासना बिसी, अनुगमन प्रमुख लक्ष्मी अर्याल, पशु विज्ञ डा. भागिरथ पुरी, मासु व्यवसायी संघका महासचिव थानिश्वर सुवेदीले व्यवसायीसँग सम्बन्धित मन्त्रालयले सघन छलफल गर्नुपर्ने आवश्यकता औंल्याए। साढे दुई दशकअघि आएको 'पशु बधशाला र मासु जाँच ऐन २०५५' पूर्वाधार अभाव र सरकारी उदासीनताले २५ वर्षसम्म कार्यान्वयनमा आउन सकेको थिएन। सर्वोच्च अदालतको परमादेशपछि अहिले सरकारले गत भदौ १ मा राजपत्रमा सूचना प्रकाशित गर्दै यो ऐन कार्यान्वयनमा आएको घोषणा सहित यसलाई तीन चरणमा देशभरि लागु गर्दैछ।

पहिलो चरणमा आगामी १ मंसिरदेखि काठमाडौं उपत्यकाका काठमाडौं, ललितपुर र भक्तपुरका सम्पूर्ण स्थानीय तहमा यो ऐन अनिवार्य लागु हुनेछ।

» *बाँकी ३ पेजमा*

# भदौ २३ र २४ का घटनाको छानबिन गर्न न्यायिक आयोगको माग




बुटवल। नेकपा एमालेले पार्टीभित्र देखिएका असमझदारी र अस्वस्थता अन्त्य भएको दाबी गर्दै आन्तरिक एकता थप सुदृढ भएको जनाएको छ। केन्द्रीय कमिटीको तेस्रो बैठकले पार्टी पुनर्जागरण र सुदृढीकरणका लागि ठोस योजना निर्माण गर्ने क्रममा विगतका कमजोरीको गम्भीर समीक्षा गरिएको निष्कर्ष निकालेको हो।

बैठकपछि जारी विशेष सङ्कल्पमा विगतमा भएका कमी-कमजोरीलाई सच्याउँदै आगामी दिनमा त्यस्ता कमजोरी नदोहोर्‍याउने प्रतिबद्धता व्यक्त गरिएको छ। पार्टी सुधार तथा रूपान्तरणका लागि मार्गचित्रसमेत तयार गरिएको एमालेले जनाएको छ।

बैठकले पार्टीका निर्णयलाई गम्भीरतापूर्वक ग्रहण गर्दै निष्ठापूर्वक कार्यान्वयन गर्न सबै नेता-कार्यकर्तालाई आग्रह गरेको छ। यसबिच पार्टीभित्र देखिएका कतिपय असमझदारी र 'अस्वस्थता' बैठकसँगै अन्त्य भएको दाबी गर्दै एमालेले पार्टी भावनात्मक रूपमा थप एकजुट भएको दाबी गरेको छ।

विशेष सङ्कल्पमार्फत् एमालेले अब पार्टीको ध्यान लोकतन्त्रको रक्षा र निर्वाचनको तयारीमा केन्द्रित गर्न समग्र पार्टी पङ्क्तिलाई आह्वानसमेत गरेको छ। बैठकले विगतका अनुभवबाट पाठ सिक्दै संगठनात्मक सुधार, आन्तरिक एकता र पार्टी सुदृढीकरणलाई आगामी कार्यदिशाका रूपमा अघि बढाउने संकेत गरेको छ।

एमालेले भदौ २३ र २४ गते भएका घटनाको निष्पक्ष छानबिनका लागि सक्षम न्यायिक आयोग गठन गर्न सरकारसँग माग गरेको छ। एमाले केन्द्रीय कमिटी बैठकले स्वदेशी तथा विदेशी सञ्चारमाध्यममा सार्वजनिक भइरहेका नयाँ तथ्य तथा अन्तरिम सरकारका पदाधिकारी र छानबिन आयोगका अध्यक्षका सार्वजनिक अभिव्यक्तिले ती घटनाका पछाडि रहेका भनिएका विभिन्न पक्षबारे प्रश्न उठाएको दाबी गरेको छ।

बैठकले सरकारले भदौ २४ गते भएको 'राज्य विध्वंश'को छानबिनलाई पन्छाउने तथा घटनामा संलग्नलाई उन्मुक्ति दिने प्रयास गरिरहेको आरोपसमेत लगाएको छ। साथै, भदौ २३ गतेको घटनामा राजनीतिक नेतृत्वविरुद्ध अभियोजन गर्ने, तर त्यस दिन भएका सुरक्षा कारबाहीको यथार्थ बाहिर आउन नदिने प्रयास भइरहेको एमालेको दाबी छ।

बैठकले यसअघिका घटनाको छानबिनका लागि गठन भएका आयोगका प्रतिवेदनसमेत अविलम्ब सार्वजनिक गर्न माग गरेको छ। प्रतिवेदन सार्वजनिक गर्दा त्यसको यथार्थ र पूर्णपाठ नै सार्वजनिक गर्नुपर्ने एमालेको माग छ। एमालेले पछिल्ला घटनाक्रम र सार्वजनिक भएका अभिव्यक्तिले घटनाबारे थप तथ्य बाहिर ल्याइरहेको दाबी गर्दै राजनीतिक नेतृत्व र सुरक्षा कारबाहीसम्बन्धी विषयलाई समेत समेटेर स्वतन्त्र तथा निष्पक्ष छानबिन आवश्यक रहेको बताएको छ।

केन्द्रीय कमिटी बैठकले सुकुम्वासी बस्ती विस्थापन, ट्रेड युनियन तथा स्ववियु अधिकार, मानव अधिकार र सञ्चारमाध्यमको स्वतन्त्रता कुण्ठित पार्न खोजेको भन्दै सरकारको आलोचना गरेको छ। संविधान संशोधनका लागि गठन गरिएको कार्यदलप्रति आपत्ति जनाउँदै एमालेले संविधानका आधारभूत संरचनामा असर पर्ने गरी संशोधन गर्न नहुने धारणा दोहोर्‍याएको छ।

» *बाँकी ३ पेजमा*


**डेंगु लगायत किटजन्य रोग नियन्त्रणका लागि लामखुट्टेको बासस्थान खोजौं र लार्भा नष्ट गरौं अभियान**

**डेंगु रोग सम्बन्धी जानकारी**

डेंगु रोग एडिज लामखुट्टेको टोकाइबाट सर्ने सरुवा रोग हो। यो रोग एक मानिसबाट अर्को मानिसमा संक्रमित पोथी लामखुट्टेको टोकाइबाट सर्दछ। डेंगु रोग लागेपछि निम्न लक्षणहरु देखिन्छन्।

- उच्च ज्वरो आउनु।
- आँखा र टाउकाको पछाडीको भाग दुख्नु।
- जोर्नी, हड्डी तथा मांशपेशी दुख्नु।
- छालामा बिमिरा आउने।
- शरीरका कुनै पनि भागबाट रक्तश्राव हुने।



डेंगु संक्रमणबाट बच्ने एक मात्र उपाय भनेको लामखुट्टेको टोकाइबाट बच्नु हो। त्यसैले डेंगुबाट बच्न तलका उपायहरु अपनाऔं।

- लामखुट्टेको वृद्धि बिकास रोक्न लामखुट्टेले फुल पार्न सक्ने स्थान पत्ता लगाई नष्ट गर्ने तथा गमला, टायर वा कुनै पनि खुल्ला भाँडामा पानी जम्न नदिने।
- सधैं झुल टाँगेर सुत्न।
- खेतबारीमा काम गर्दा लामो बाहुला भएको लुगा लगाउने।
- घरको झ्याल ढोकामा जाली हाल्ने।
- सम्भव भएसम्म लामखुट्टे भगाउने धुप वा मलमको प्रयोग गरौं।
- घर पालुवा पशुपंक्षी व्यबस्थित ढंगले पालौ।
- डेंगुका लक्षण देखिएमा तत्काल स्वाथ्यकर्मीसँग सल्लाह गरी उपचार गराउने।

अनुरोधक
रामग्राम नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
परासी नवलपरासी (ब.सु.प) लुम्बिनी प्रदेश, नेपाल

## सम्पादकीय

# बुटवलमा विपद्विरुद्ध अभियान

जल तथा मौसम विज्ञान विभागले असोज ८ देखि ११ गतेसम्म भारी वर्षा हुने र बाढी तथा पहिरोको जोखिम रहेको भन्दै सूचना निकालेपछि जोखिम पूर्वतयारीमा तहगत सरकार जुटेका छन् । जोखिम न्यूनीकरणका लागि तहगत सरकार जुट्नु सकारात्मक छ। बुटवल उप-महानगरपालिकाले पनि जोखिम पूर्व तयारीका लागि सरोकारवालाहरुबिच बैठक राखेर विपद्विरुद्ध पूर्वतयारीको साथ खोजेको छ । विपद्विरुद्ध पूर्वतयारीका लागि अहिले लिएको पहलकदमी सकारात्मक भए पनि विपद्विरुद्धको दीर्घकालीन रणनीतिमा तहगत सरकारको काम फितलो छ। जब विपद् आउँछ, त्यसकाबारेमा चासो दिने तर जोखिमबाट बच्न दीर्घकालीन रणनीतिअनुसार काम नगर्ने प्रवृत्तिले मुलुकमा विपदका समस्या बढिरहेका छन् ।

तिनाउमा आएको २०३८ सालको बाढीपछि जुन सतर्कता अपनाउनु पर्दथ्यो, सर्तकता अपनाइएन् । तिनाउ बगर अहिले बस्तीमा बदलिएको छ । नदीको बहव क्षेत्र अतिक्रमण गरी बसेको बस्तीलाई लालपूर्जा दिने तयारी नै गलत छ। मुसलधारे पानी परेको बेला पाल्पाको चुरे क्षेत्रमा पहिरो जाने र नदी थुनिने गरेका घटना विगतमा भएका थिए । विगतका यस्ता घटनाबाट हामीले पाठ सिक्न सकेनौं । त्यसो त चुरेको खोंचमा क्लाउड ब्रष्ट अर्थात् बादल विष्फोट हुने उच्च जोखिम हुन्छ । बादल विष्फोट हुने ठाउँमा थोरै समयमा धेरै वर्षा हुन्छ । नदी किनारका बासिन्दालाई सुरक्षित ठाउँमा सारेर बहाव क्षेत्र सुरक्षित गर्नुपर्नेमा नदीलाई नहर बनाउनु गलत छ। तिनाउ नदीले औसतभन्दा ठूलो बाढी थेग्न सक्ने अवस्था छैन, किन कि बहाव क्षेत्र अतिक्रमण गरी ठूलो बस्ती बसेको छ। विपद्को जोखिमबाट नागरिकलाई बचाउने हो भने सुरक्षित ठाउँमा बस्ती सार्नुको विकल्प छैन ।

ज्योतिनगरको पहिरोले ज्योतिनगर र लक्ष्मीनगर मात्रै नभएर बुटवललाई नै जोखिममा पार्ने देखिदा पनि दीगो व्यवस्थापनमा ध्यान पुगको छैन । ज्योतीनगरमाथिको श्रवणडाँडा ३० मिटर तल धस्केको तीन वर्ष भयो । तल धस्केको पहाड संयोगले खसेको छैन, कमजोर भुवनोटमा रहेको पहाड तल खस्यो भने ठूलो क्षति हुनेछ । त्यो पहाडलाई थप धस्किन नदिनका योजनाबाद्ध कार्यक्रम कार्यान्वयनमा किन ढिलाइ भइरहेको छ ? ज्योतिनगर र लक्ष्मीनगरको बस्ती नै जोखिममा रहेको निष्कर्ष विज्ञहरुले निकाले पनि बस्ती स्थान्तरण गर्न प्राथमिकता छैन । चुरेको पहिरोले २०५५ सालयता ज्योतिनगर र लक्ष्मीनगरको बस्तीलाई जोखिम भएको छ। पहिरो क्षेत्रको जमिनभित्र रहेको पानीलाई बाहिर निकाल्दा जोखिम रोक्न सकिन्छ भन्ने भूगर्भविदले ध्यानाकर्षण गराउँदै आए पनि तहगत सरकारले पटक्कै सुनेका छैनन् । पहिरो नियन्त्रणका लागि आवश्यक बजेट विनियोजन गरी रोकथाम गर्नुपर्नेमा पर्याप्त बजेटको अभवा छ । । चुरे क्षेत्रको संवेदनशिलता बुझेर बस्ती विकास र अरु पूर्वाधार निर्माणका काम गर्नुपर्नेमा मनपरी संरचना निर्माण गर्दा जोखिम भन्नै बढेको छ । विपदपछिका काममा प्राथमिकता दिनुभन्दा विपद् पूर्वका योजना र कार्यक्रम कार्यान्वयन गर्दा मात्रै नागरिकलाई विपद्बाट जोगाउन सकिन्छ ।

# ११ अंकले बढ्यो सेयर बजार



काठमाडौं । बिहीबार सेयर बजार परिसूचक नेप्से ११.७७ अंक बढेको छ । सो वृद्धिपछि नेप्से २६२९ अंकमा कायम भएको छ ।

कारोबार रकम भने केही खस्किएको छ। अघिल्लो दिन ६ अर्ब ३५ करोडको कारोबार भएकोमा ५ अर्ब ४४ करोडको भयो । १७६ कम्पनीको मूल्य बढ्दा ९५ को घटेको छ । ७ कम्पनीको मूल्य स्थिर रह्यो ।

समूहगत रुपमा हेर्दा उत्पादन तथा प्रशोधन समूहमा आकर्षण देखियो । यो समूहगत सूचक सबैभन्दा धेरै १.८३ प्रतिशत बढ्यो । यो समूहका नेपाल ल्युब आयल, सोनापुर मिनरल्स, घोराही सिमेन्ट, पाल्पा सिमेन्ट जस्ता कम्पनीको मूल्यमा आएको वृद्धिले समग्र समूहगत सूचकलाई उचाल्यो । निर्जीवन बिमा समूहबाहेक सबै समूहगत सूचक बढेका छन् । निर्जीवन बिमा ०.३३ प्रतिशत घट्यो । बैंकिङ ०.४६, विकास बैंक ०.०१, फाइनान्स ०.१०, होटल तथा पर्यटन ०.१३, जलविद्युत् ०.१३, लगानी ०.०८, जीवन बिमा ०.७०, माइक्रोफाइनान्स ०.६१, अन्य ०.०४ र व्यापार ०.९७ प्रतिशत बढे ।

नेपाल ल्युब आयलको १२.४७, सोनापुर मिनरल्सको ७.६५, घोराही सिमेन्टको ७.०७, सीवाईसी लघुवित्तको ६.४७, उन्नति सहकार्य लघुवित्तको ४.६७, पाल्पा सिमेन्टको ३.६०, त्रिशूली जलविद्युतको ३.०४ प्रतिशत मूल्य बढ्यो ।

मिड सोलु हाइड्रोपावरको ११.५८, धौलागिरि लघुवित्तको मूल्य १०.९८, हाथवे इन्भेस्टमेन्टको ३.४३ प्रतिशत मूल्य घट्यो । धेरै कारोबार भएका कम्पनीमा शिवम् सिमेन्ट, हिमालयन डिस्टिलरी, सानिमा मिडिल तमोर, रिलायन्स स्पिनिङ मिल्स, सोनापुर सिमेन्ट, नबिल बैंक प्रमोटर तथा लक्ष्मी सनराइज बैंक क्रमशः अगाडि रहे ।

# केही दार्शनिक र वैज्ञानिकहरूको चिन्तन र हाम्रो दृष्टिकोण



ऋपेन्द्र जिसी

लुम्बिनीमा जन्मेका बुद्ध र बौद्ध दर्शन नेपालबाट लेखिट्दा हामी दुःखी हुने कि नहुने ? सिन्धु धर्म वा हिन्दु धर्म जसलाई ब्राहमिक धर्म पनि भनिन्छ। यसले नेपाली जातजातिलाई उचनिच बनाएर समाजमा विभाजनको रेखा कोरेको धर्म भन्छौं। के यो साँचो हो।

**परिचय**

स्वर्ग, नर्क, धर्म, ईश्वर आदिबारे दार्शनिकहरु, चिन्तक र साधकहरुले मानव समाजलाई सही मार्ग प्रदर्शन गर्न आफ्ना दृष्टिकोण अवधारणा ज्यानको बाजी लगाएर प्रस्तुत गरेका छन् । ती समस्त दार्शनिकहरुको अवधारणालाई मानवले कसरी लागू गर्छन् त्यसले वर्तमान र भविष्यको मार्ग प्रशस्त गर्दछ ।

**मूल पाठ**

शुकरात (सोक्रेटिस) यिनी युनानी दार्शनिक हुन् । उनको जन्म इ.पू. ३५०-४०० मा एथेन्समा भएको मानिन्छ । अहिले युनान र एथेन्स इटलीमा पर्दछन् । उनको मान्यता थियो-ईश्वर केवल शोषणको नाम हो । ईश्वरको विरोध गरेको नाममा उनलाई माफी माग्न त लगाए तर माफी मागेनन् । र उनलाई विषको प्याला दिए । उनले सार्वजनिक रुपमै विष पिएर आफ्नो आत्महत्या गरे । यिनलाई विश्वले प्रथम दार्शनिक शहीद मान्दछ ।

कार्लमार्क्स र एंगेल्स ईश्वरको जन्ममा गहिरो षड्यन्त्र साजिश छ । जर्मन दार्शनिक विश्व कम्युनिष्ट घोषणा पत्रको लेखक सम्पादन मार्क्स र एंगेल्स मिलेर गरेका हुन् । विश्व समाजमा राजनीतिमा दर्शनमा समेत युगान्तकारी परिवर्तन ल्याउन सक्षम कार्लमार्क्स विश्वभरिका सम्पूर्ण श्रमजीवी जनता एक होऔं उनकै नारा हो । श्रमजीवी उत्पादक वर्गलाई उत्पादनका साधनहरु (जमिन, पूँजी र प्रविधि)को स्वामित्व स्थापित गरी समाजवादको स्थापना गर्नु उनको मूलभूत उद्देश्य हो ।

खगोल शास्त्री (वैज्ञानिक) स्टेफन हकिङ

यो पूरा विश्वमा यदि कसैले ईश्वर वा भगवान (गड) छ भनी प्रमाणित गर्दछ भने म आफ्नो आत्म (शरीर) र मेरो सम्पूर्ण श्रीसम्पत्ति उसलाई दिन तयार छु ।

जवाहारलाल नेहरु-ईश्वर अज्ञानताको प्रतीक हो वा ईश्वरको जन्म नै अज्ञानताबाट भएको हो ।

भगतसिंह-यो देश (भारतमा) कोही नौ जवान ईश्वरवादी छ भने मेरो नजरमा ऊ नालायक हो ।

माथि हेरिसक्नु भयो दार्शनिकहरु चिन्तकहरु समाजशास्त्रीहरु र सामाजिक रुपान्तरणकारीहरुले के भनेर किन भने ? सनातनी मान्यताकाविरुद्ध जान कसैलाई रहर थिएन । यहीनेर भन्नै पर्छ वैज्ञानिक ग्यालिलियोले बनाएको टेलिस्कोपबाट आकाशीय पिण्डहरुको अध्ययन गर्दा इटलीका वैज्ञानिक जदानो ब्रुनोले पृथ्वीले सूर्यको परिक्रममा गरेको देखेर घोषणा गरे । पृथ्वीले सूर्यको परिक्रमा गर्छ । पादरीहरुले यो धर्म विरोधी रहेछ । लौ ज्यानको माया छ भने पृथ्वीलाई सूर्यले परिक्रमा गर्छ भन भनेर आदेश दिए ।

वैज्ञानिक ब्रुनोले निर्भिकताका साथ भने पृथ्वी सूर्यको ग्रह हो र पृथ्वीको बाबुआमा भनेको सूर्य नै हो भनेर अड्डी लिए । आक्रोशित पादरीहरुले वैज्ञानिक ब्रुनोको जिब्रो काटिदिए । अनि विचित्रको चुच्चे टोपीमा यो धर्म विरोधी अपराधी हो भन्ने लेखेर रोम-शहरभरि घुमाएर हुँहुति बलेको आगोमा हालेर जलाएर मारे । यिनलाई विश्वकै प्रथम वैज्ञानिक शहीद मानिन्छ ।

अब फैसला गरौं त ! सत्य कुरा गर्ने ब्रुनो र हत्यारा पादरी मध्ये को ठीक ?

इ.पू. ५६३ मा लुम्बिनीमा शुद्धोदन र महा मायादेवीको पुत्रका रुपमा जन्मिएका सिद्धार्थ गौतमले उद्घोष गरे- 'कहीं ईश्वर छैन ।'

सिद्धार्थ गौतमको वाद वा सिद्धान्तलाई बौद्ध दर्शन र धर्म भनेर लोकले भन्ने गर्दछन् । लोकले सम्मानसूचक शब्दका रुपमा सम्बोधन गर्दा बुद्धलाई भगवान पनि भन्ने गर्दछन् । बौद्ध धर्म होइन किनकि स्वयं बुद्धले आफू देवता वा ईश्वर नभएको आफ्ना भिक्षुहरुलाई भनेका छन् । मलाई न्वारनमा सिद्धार्थ भनियो । अब त म बुद्ध भएँ । बुद्धको अर्थ हो संसारको प्राकृतिक नियम र सामाजिकलाई बुझेको । लुम्बिनी वा सारनाथमा वा अन्यत्र बुद्ध विहार, चैत्यमा जाँदा फूलप्रसाद नैवेद, फलफूल केही लैजान पर्दैन । बुद्धको मत भनेको चारआर्य सत्य हुन् । संसारमा दुःख छ, दुःखको कारण छ, दुःखबाट मुक्त हुने उपाय पनि छन् । त्यो उपाय भनेको अष्टाङ्गिक मार्ग हो । संयक् दृष्टि, संयक् ध्यान, संयक् समाधि, संयक् व्यायाम, संयक् कर्म, संयक् संकल्प र संयक् स्मृति, संयक् वचन नै हुन् । दुःखलाई हटाउने यी आठ उपाय हुन् ।

बुद्धको धर्म भनौं वा मत भनौं आज संसारका प्रयाशः हरेक देशमा फैलिएको छ र फैलिंदैछ । चीन, चीनको स्वशासित क्षेत्र तिब्बत, जापान, श्रीलंका, लाओस, कम्बोडिया, भुटान, भियतनाम जस्ता देशहरुमा व्यापकता पाएको छ। तर नेपाल भारत आदिमा भने बुद्ध मतले औसत स्थान मात्र पाएको छ ।

दुःखद पक्ष यो हो कि नेपालमा जुन नेपालमा बुद्धको जन्म भयो त्यही देशमा बुद्ध मतले कम स्थान पाएको छ । सिन्धु मत अर्थात् हिन्दु मतले शासन गरेको छ । हिन्दु मत वा धर्मले जातजातिका बिचमा छुवाछुत तथा जातीय विभाजन गरेको छ, त्यही देशमा विभाजनकारी हिन्दु मतलाई आफ्नो मत परम्परा वा धर्म भन्ने कुराले राज गरेको छ ।

हुन पनि हो नदेखेको नभोगेको काल्पनिक ईश्वरमा विश्वास गरेर कोही हिन्दु, कोही इसाई, कोही हिन्दु, कोही पादरी, पुरोहित भएका छन् । धर्मका व्याख्यता भएका छन् । श्रमजीवी जनता शोषण दमनमा परेका छन् । मानिसहरुका बिचमा पनि उच्च जात निच जात भनिएको छ । कस्तो दुःखद पक्ष हो । पुरोहित समूहको दान दक्षिण संकलन गर्ने माध्यम ब्राह्मणिक हिन्दु धर्म बनेको छ ।

अन्त्यमा सत्यको खोजीमा नागरिक अधिकार प्राप्ति र राणा जहानियाँ शासनको विरुद्धमा बोले बापत राणा शासकहरुले शुक्रराज शास्त्री, धर्मभक्त माथेमा, गंगालाल श्रेष्ठ र दशरथ चन्दलाई गिरफ्तार गरी कठघरामा उभ्याए । माफी माग्न हुकुम दिए तर सुपतहरुले माफी मागेनन् । हत्या गर्ने फैसला सुनाए । अन्तिम पटक झुण्ड्याउने फाँसी दिने बेलामा पनि माफी माग्न हत्यारो नर शमशेरले हुकुम दिंदा ठाडै इन्कार गरे ।

अन्ततः शुक्रराजलाई रुखमा झुण्ड्याएर वि.सं. १९९७ साल माघ १० गते फाँसी दिए । धर्मभक्त माथिमालाई सोही वर्ष माघ १३ गते फाँसी दिए । गंगालाल र दशरथ चन्दलाई सोही वर्ष माघ १५ गते गोली ठोकेर हत्या गरे । सपुतहरु डराएनन् । ज्यानको बाजी लगाए यसरी देशमा २००७ साल मा प्रजातन्त्रको ढोका खोलिएको इतिहास छ । तर सपुतुहरुको व्यापक चर्चा भएको छैन हुन बाँकी छ ।

प्रथम दार्शनिक शहीद शुकरात, प्रथम वैज्ञानिक शहीद जदानो ब्रुनोप्रति हामी धेरै ऋणी छौं । लुम्बिनीमा जन्मेका बुद्ध र बौद्ध दर्शन नेपालबाट लेखिट्दा हामी दुःखी हुने कि नहुने ? सिन्धु धर्म वा हिन्दु धर्म जसलाई ब्राह्मिक धर्म पनि भनिन्छ । यसले नेपाली जातजातिलाई उचनिच बनाएर समाजमा विभाजनको रेखा कोरेको उसैलाई सनातन धर्म भन्छौं । के यो साँचो हो ।

# प्राकृतिक विपद्पश्चात् मानसिक स्वास्थ्य समस्या : जानौँ, बुझौँ र बचौँ

भोजराज पोखेल

प्राकृतिक विपद् जस्तै बाढी, पहिरो, भूकम्प, अतिवृष्टि वा आँधीबेहरीले जनधनको क्षति मात्र गर्दैन, यसले मानिसको सोच्ने, बुझ्ने र अनुभव गर्ने क्षमतामा समेत गहिरो असर पार्छ । साथै, यसले मानिसको मानसिक तथा भावनात्मक स्वास्थ्यमा पनि गम्भीर प्रभाव पार्न सक्छ ।

विपद्का बेला भौतिक पुनर्निर्माण र शारीरिक उपचारमा सबैको ध्यान तुरुन्तै जान्छ, तर मानिसको मनभित्र परेको गहिरो चोट र मानसिक असर प्रायः ओझेलमा पर्छ । विपद्को असर भौतिक सम्पत्ति र संरचनामा मात्र सीमित नरही व्यक्ति, परिवार र सम्पूर्ण समुदायको मानसिक स्वास्थ्यमा दीर्घकालीन रूपमा रहन सक्छ ।

त्यसैले प्राकृतिक विपद्पश्चात् देखा पर्ने मानसिक समस्याहरूलाई पहिचान गरी त्यसबाट जोगिनु र समयमै व्यवस्थापन गर्नु अत्यन्तै आवश्यक हुन्छ ।

**विपद्पश्चात् देखिने मुख्य मानसिक स्वास्थ्य समस्या**

विपद्को सामना गरेपछि वा आफ्ना आफन्त तथा सम्पत्ति गुमाएपछि मानिसमा विभिन्न प्रकारका मानसिक तथा भावनात्मक प्रतिक्रियाहरू देखिन सक्छन् । यस्ता समस्या अल्पकालीनदेखि दीर्घकालीनसम्म हुन सक्छन् ।

१. **तीव्र तनाव र आघात :**

विपद्लगत्तै व्यक्ति स्तब्ध हुने, केही सोच्न नसक्ने, टोलाउने वा चेतनाशून्यजस्तो हुने अवस्था आउन सक्छ । यसलाई घटनाप्रतिको तत्कालीन प्रतिक्रियाका रूपमा लिन सकिन्छ ।

२. **विपद्पश्चात्को मानसिक आघात :**

विपद् सकिएपछि पनि सोही डरलाग्दो घटनाका दृश्य वा सम्झनाहरू बारम्बार मनमा आइरहनु, डर लाग्नु तथा विपद् सम्झाउने ठाउँ वा घटनाबाट टाढा भाग्न खोज्नु यसका प्रमुख लक्षण हुन् ।

३. **अत्यधिक चिन्ता र डर :**

भविष्यप्रतिको अनिश्चितता, फेरि उस्तै विपद् दोहोरिने डर र सुरक्षाको अनुभूति नहुनुले मानिसमा मुटुको धड्कन बढ्ने, पसिना आउने र अत्यधिक घबराहट हुनेजस्ता समस्याहरू देखिन सक्छन् ।

४. **निराशा र उदासीनता :**

धनजनको क्षति, आफन्तको वियोग वा आवास तथा रोजगारी गुमेपछि उत्पन्न हुने निराशाले मानिसलाई मानसिक रूपमा कमजोर बनाउन सक्छ । यसले जीवनप्रति वितृष्णा जाग्ने र कुनै काम गर्न मन नलाग्नेजस्ता समस्या निम्त्याउन सक्छ ।

५. **निद्रासम्बन्धी समस्या :**

नराम्रो सपना देख्ने, राति झस्केर ब्युँझिने वा रातभर निद्रा नपर्ने समस्या विपद्पश्चात् सामान्य रूपमा देखिन सक्छ ।

६. **व्यवहारिक तथा शारीरिक परिवर्तन :**

बालबालिकामा धेरै रुने, आमाबुबालाई छाड्नै नमान्ने तथा वयस्कहरूमा टोलाउने, छिटो रिसाउने वा तनाव कम गर्न मद्यपान तथा लागूपदार्थको सहारा लिनेजस्ता नकारात्मक व्यवहार देखिन सक्छन् ।

**मानसिक स्वास्थ्य समस्याबाट जोगिने र सजगता अपनाउने उपाय**

प्राकृतिक विपद्बाट उत्पन्न मानसिक आघातलाई सही समयमा व्यवस्थापन गर्न सकियो भने गम्भीर मानसिक समस्याबाट बच्न सकिन्छ । मानसिक रूपमा पुनः सबल बन्न व्यक्तिगत, पारिवारिक तथा सामुदायिक स्तरमा निम्न उपाय अपनाउनुपर्छ ।

प्राकृतिक विपद्पछि प्रभावित क्षेत्रमा उद्धार, सहयोग तथा समस्याको समाधानका लागि मुख्यतः तीनवटा कुरामा विशेष ध्यान दिनुपर्छ–हेर्ने, सुन्ने र सहकार्यमा जोडिने । यही सिद्धान्तका आधारमा प्रभावित क्षेत्रमा काम गर्न सकियो भने मानसिक स्वास्थ्यमा देखिन सक्ने थप जटिलताबाट जोगाउन सकिन्छ ।

**आफ्ना भावनाहरू व्यक्त गर्न लगाउने**

मनमा गुम्सिएर रहेका डर, चिन्ता वा शोकलाई दबाएर राख्नुको सट्टा आफ्ना नजिकका साथीभाइ वा परिवारका सदस्यसँग व्यक्त गर्न प्रोत्साहित गर्नुपर्छ । कुराकानी गर्दा मनको भार हलुका हुन्छ ।

**नियमित र स्वस्थ दिनचर्यामा फर्किने**

विपद्पछि जति सक्दो छिटो आफ्नो दैनिक जीवनलाई सामान्य बनाउने प्रयास गर्नुपर्छ । पर्याप्त निद्रा, सन्तुलित आहार र पर्याप्त पानीको सेवनले शारीरिक तथा मानसिक स्वास्थ्यलाई मजबुत बनाउन मद्दत गर्छ ।

**सकारात्मक सोंच र ध्यान**

दैनिक केही समय योग, प्राणायाम वा गहिरो सास फेर्ने अभ्यास गर्नाले मनलाई शान्त राख्न र तनाव घटाउन मद्दत पुग्छ ।

**पुष्टि नभएका खबर र अफवाहबाट टाढा रहने**

विपद्का बेला सामाजिक सञ्जाल वा सञ्चारमाध्यममा आउने डरलाग्दा तथा गलत समाचारले चिन्ता अझ बढाउन सक्छ । त्यसैले आधिकारिक स्रोतबाट मात्र सूचना लिनुपर्छ ।

**मनोवैज्ञानिक प्राथमिक उपचार**

विपद्बाट प्रभावित व्यक्तिलाई तत्काल भौतिक सहायतासँगै भावनात्मक सहयोगको पनि आवश्यकता हुन्छ । प्रभावित व्यक्तिको कुरा ध्यानपूर्वक सुनिदिने, सहानुभूति देखाउने र उनीहरू सुरक्षित छन् भन्ने विश्वास दिलाउने काम समुदायले गर्नुपर्छ ।

**बालबालिका, महिला र ज्येष्ठ नागरिकको विशेष हेरचाह**

बालबालिका र ज्येष्ठ नागरिक विपद्बाट बढी प्रभावित हुन सक्छन् । बालबालिकालाई खेलकुद, चित्रकला तथा अन्य रचनात्मक गतिविधिमा सहभागी गराउनुपर्छ । ज्येष्ठ नागरिकसँग निरन्तर कुराकानी गरी उनीहरूको मनोबल बढाउनुपर्छ। महिला तथा अन्य संवेदनशील समूहको आवश्यकता र सुरक्षामा पनि विशेष ध्यान दिनुपर्छ ।

**पारस्परिक सहयोग र सामाजिक सम्बन्ध**

छिमेकी तथा समुदायका मानिसहरू एकआपसमा मिलेर काम गर्दा एक्लोपन र डरको भावना कम हुन्छ । सामाजिक पुनःस्थापनाका काममा सबै मिलेर लाग्दा समुदायमा आशाको भावना जागृत हुन्छ ।

**मनोपरामर्श**

यदि तनाव वा चिन्ता दुई-तीन हप्ताभन्दा बढी समयसम्म रहिरह्यो र दैनिक काममा बाधा पुऱ्याउन थाल्यो भने दक्ष मनोपरामर्शदाता वा मनोविद्सँग परामर्श लिनुपर्छ ।

**चिकित्सकीय उपचार**

उदासीनता वा दीर्घकालीन मानसिक असर देखिएमा चिकित्सक वा मनोरोग विशेषज्ञको सल्लाहअनुसार औषधि तथा मनोचिकित्सकीय उपचार लिनु आवश्यक हुन सक्छ ।

प्राकृतिक विपद्लाई रोक्न नसकिए पनि यसले पार्ने मानसिक असरलाई सही ज्ञान, सजगता र सहयोगमार्फत न्यून गर्न सकिन्छ । मनको चोट देखिँदैन, तर यसको असर गहिरो हुन्छ ।

त्यसैले विपद् व्यवस्थापन गर्दा राहत सामग्री वितरण र आवास निर्माणमा मात्र ध्यान नदिई प्रभावितहरूको मानसिक स्वास्थ्य पुनःस्थापनालाई पनि प्राथमिकतामा राख्नुपर्छ । शारीरिक स्वास्थ्यजत्तिकै मानसिक स्वास्थ्य पनि महत्त्वपूर्ण छ भन्ने कुरा बुझेर एकअर्कालाई भावनात्मक साथ दिनु नै विपद्पछिको पुनर्निर्माणको पहिलो र महत्त्वपूर्ण पक्ष हो ।

स्वास्थ्य खबरबाट

# स्वास्थ्यकर्मीलाई हातपात गरे सिधैँ थुनामा, ५ वर्षसम्म जेल

काठमाडौं । सरकारले स्वास्थ्यकर्मीमाथि हातपात गरी जरिबाना तिरेर उम्किने कानुनी व्यवस्था बदल्ने तयारी गरेको छ । स्वास्थ्यकर्मीलाई कुटपिट वा शारीरिक चोट पुर्‍याउनेलाई पाँच वर्षसम्म जेल हाल्ने गरी कानुन संशोधन गर्न विधेयक अघि बढाइएको छ । स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्री निशा मेहताले स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षासम्बन्धी ऐन, २०६६ संशोधन गर्न बनेको विधेयक प्रतिनिधिसभामा दर्ता गराएकी छिन् । विधेयकमा स्वास्थ्यकर्मी, स्वास्थ्य संस्थाका कर्मचारी तथा अध्ययनरत विद्यार्थीमाथि हुने हातपात र हिंसामा अहिलेको भन्दा कडा सजाय प्रस्ताव गरिएको छ ।

प्रचलित व्यवस्थामा स्वास्थ्यकर्मी वा स्वास्थ्य संस्थामा कार्यरत कर्मचारीमाथि कुटपिट वा हातपात गरेमा जरिबानाको व्यवस्था छ । तर प्रस्तावित संशोधनले त्यस्तो कसुरमा दुईदेखि पाँच वर्षसम्म कैद र दुई लाखदेखि पाँच लाख रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुने व्यवस्था अघि सारेको छ ।

अब स्वास्थ्यकर्मीमाथि हातपात गरेपछि जरिबाना मात्रै तिरेर उम्किने अवस्था हुँदैन । अदालतले कसुरको प्रकृति हेरेर कैद र जरिबाना दुवै सजाय गर्न सक्नेछ । लापरबाहीको आरोपमा आक्रमणका घटना बढेसँगै सरोकारवालाले चिकित्सक, स्वास्थ्यकर्मी र स्वास्थ्य संस्थाको सुरक्षाको प्रत्याभूति हुने गरी कानुनको माग गर्दै आएका छन् । स्वास्थ्यकर्मीमाथि कुटपिट मात्रै होइन, हतियार देखाएर आपराधिक बल प्रदर्शन गर्ने कार्यलाई समेत विधेयकले कडा कसुरका रूपमा समेटेको छ । स्वास्थ्यकर्मी, स्वास्थ्य संस्थामा कार्यरत कर्मचारी वा अध्ययनरत विद्यार्थीलाई कुटपिट, हातपात वा शारीरिक चोट पुर्‍याउने तथा हतियारसहित आपराधिक बल प्रदर्शन गर्नेलाई पाँच वर्षसम्म कैद र पाँच लाख रुपैयाँसम्म जरिबाना हुने प्रस्ताव गरिएको छ ।

नेपाल चिकित्सक संघका अध्यक्ष डा. बद्री रिजाल भन्छन्- 'कुन बेला पिटाइ खाने हो भन्दै त्रासमा स्वास्थ्यकर्मी काम गरिरहेका हुन्छन् । प्रस्तावित कानुन लागु हुँदा स्वास्थ्यकर्मीले ढुक्क भएर बिरामीको सेवा गर्नसक्ने वातावरण बन्छ भन्ने आशा छ ।' स्वास्थ्यकर्मीमाथि बढ्दो आक्रमणपछि जन्मिएको कानुन

स्वास्थ्यकर्मीमाथि हातपात, अस्पताल तोडफोड र भिडको आक्रमणका घटना बढ्दै गएपछि सरकारले स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षासम्बन्धी कानुन कडा बनाउने बाटो रोजेको हो । लामो समयदेखि चिकित्सक तथा स्वास्थ्यकर्मीले उठाउँदै आएको 'जेल विदाउट बेल'को मागसमेत यही पृष्ठभूमिमा अघि बढेको हो । स्वास्थ्य क्षेत्रका व्यक्तिहरूका अनुसार बिरामी पक्ष मात्रै होइन, कतिपय अवस्थामा तेस्रो पक्षका रूपमा भिड वा भाडाका व्यक्तिसमेत प्रयोग गरी स्वास्थ्यकर्मी र स्वास्थ्य संस्थामाथि आक्रमण हुने गरेको छ । बलियो कानुनी व्यवस्था नहुँदा कतिपय निजी अस्पतालले विवाद बढ्न नदिन वार्ता र छलफलबाटै बिरामी पक्षले मागेको रकम दिने प्रवृत्तिले समेत यस्ता घटनालाई निरुत्साहित हुन सकेको छैन । कार्यस्थलमा सुरक्षाको प्रत्याभूति नहुँदा पछिल्ला वर्षमा स्वास्थ्यकर्मीले काम छोडेर विदेश पलायन हुने क्रम बढ्दो छ ।

काठमाडौंको ओम अस्पताल तथा रिसर्च सेन्टरका पूर्वसिनियर मेडिकल अफिसर डा. अमित रिजालले दुई दशक अगाडि बिरामीका आफन्तले गरेको दुर्व्यहारका कारण देश नै छोड्ने निर्णय गरेका थिए । उनले केही समय अगाडि एक सञ्चार माध्यममा आफूले भोगेको दुर्व्यवहार सुनाउँदै भनेका थिए-'ड्युटी नभए पनि मैले बिरामीको उपचार गरें, तर अपमान सहनुपर्‍यो । त्यो घटनाले मेरो आत्मसम्मानमा गहिरो चोट पुर्‍यायो । त्यसपछि मैले देश र चिकित्सा पेसा नै छाड्ने निर्णय लिएँ । घटना बिर्सिन खोजें, तर सकिनँ । स्वास्थ्य क्षेत्रमा फर्किएर बिरामीको शरीरमा हात लगाउनसमेत मन लागेन । त्यसैले अन्ततः पेसा नै छाडें ।'

संघको अगुवाइमा चिकित्सक, नर्स तथा अन्य स्वास्थ्यकर्मीका संगठनले लामो समयदेखि आक्रमणविरुद्ध कडा कानुनको माग गर्दै आएका छन् । 'पहिले हातपात गरेमा जरिबाना तिरेर मात्रै छुट्दै आएका थिए । अहिलेको प्रस्तावित व्यवस्थाले कम्तीमा कैद सजायको बाटो खोलिदिएको छ,' संघका पूर्वअध्यक्ष डा. लोचन कार्की भन्छन्-'यसले स्वास्थ्यकर्मीमाथि आक्रमण गर्ने व्यक्तिलाई कानुनको डर पैदा गर्नसक्छ ।'

डा. कार्कीका अनुसार २०६२/६३ को जनआन्दोलनपछि नेपालमा स्वास्थ्यकर्मीमाथि हातपात र दुर्व्यवहारका घटना बढ्न थाले । चिकित्सक संघको निरन्तर दबाबपछि सरकारले २०६६ मा स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षासम्बन्धी ऐन ल्यायो । त्यसको नियमावली २०६९ मा बन्यो । तर कानुन बने पनि त्यसमा गरिएको जरिबाना र सजायको व्यवस्था कमजोर भएकाले प्रभावकारी रूपमा कार्यान्वयन हुन सकेन । त्यतिबेला सामान्यतया केही हजार तिरेर जरिबाना हुने व्यवस्था थियो । यसले स्वास्थ्यकर्मीमाथि आक्रमण गर्ने व्यक्तिलाई कानुनको डर पैदा गर्न नसकेको डा. कार्कीको भनाइ छ । 'कानुन त आयो, तर त्यसलाई टेकेर कारबाही हुने अवस्था बनेन । सजाय र जरिबाना पनि सामान्य खालका थिए,' डा. कार्की भन्छन्-'२ देखि ५ हजार रुपैयाँ तिरेर धरौटीमा छुट्न मिल्ने कानुन आयो । यसले केही हदसम्म निरुत्साहित गर्‍यो, तर दीर्घकालीन समाधान हुन सकेन ।'

२०७३ मा चरिकोटको प्राथमिक स्वास्थ्य केन्द्रमा स्वास्थ्यकर्मीमाथि दुर्व्यवहार भएपछि स्थानीय र प्रहरीले उनीहरूलाई लाइनमा राखेर माफी माग्न लगाएको घटनाले पनि स्वास्थ्य क्षेत्रलाई झस्काएको थियो । त्यसपछि दोषीलाई पक्राउ गरी धरौटीमा नछोड्ने गरी कारबाही गर्नुपर्ने माग जोडतोडका साथ उठ्यो । त्यही समयदेखि चिकित्सकहरूले 'जेल विदाउट बेल' अर्थात् स्वास्थ्यकर्मीमाथि आक्रमण गर्नेलाई सहजै धरौटीमा छुट्न नदिने कानुनी व्यवस्था माग गर्न थाले । चिकित्सकहरूले स्वास्थ्यकर्मीको सुरक्षाका लागि कडा कानुन मागिरहेका बेला २०७४ मा मन्त्रिपरिषद्ले उपचारका क्रममा बिरामीको मृत्यु भए त्यसको जिम्मेवारी चिकित्सकले लिनुपर्ने आसयको निर्णय गर्‍यो ।

निर्णयको विरोधमा स्वास्थ्यकर्मी देशव्यापी आन्दोलनमा उत्रिए । चिकित्सक संघ र सरकारी चिकित्सक संघले आन्दोलन घोषणा गरेपछि देशभर स्वास्थ्य सेवा प्रभावित भयो । अन्ततः सरकार उक्त निर्णय कार्यान्वयन नगर्ने सहमतिमा पुग्यो । त्यसपछि स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षासम्बन्धी ऐन संशोधनका लागि तत्कालीन स्वास्थ्य मन्त्रालयकी प्रमुख विशेषज्ञ डा. पुष्पा चौधरीको नेतृत्वमा समिति गठन गरियो । समितिको सुझावका आधारमा तयार भएको संशोधन मस्यौदा स्वास्थ्य मन्त्रालय हुँदै कानुन मन्त्रालय पुग्यो र त्यसपछि मन्त्रिपरिषद्सम्म पुग्यो ।

मन्त्रिपरिषद्बाट परिमार्जित विधेयक संसदीय समितिमा पुगे पनि प्रतिनिधिसभा विघटन भएपछि प्रक्रिया रोकियो । कानुन संशोधनको प्रक्रिया अघि बढ्न नसकिरहेका बेला कोरोना महामारीको क्रममा बाँकेको भेरी अस्पतालमा स्वास्थ्यकर्मीमाथि भएको आक्रमणले यो मुद्दालाई फेरि सतहमा ल्यायो । कोरोना संक्रमितको उपचारमा खटिएका स्वास्थ्यकर्मीमाथि आक्रमण भएपछि केही स्वास्थ्यकर्मी दुई तलामाथिबाट हामफालेर तथा बाथरुममा लुकेर ज्यान जोगाउन बाध्य भएका थिए । महामारीविरुद्ध अग्रपंक्तिमा खटिएका स्वास्थ्यकर्मीमाथि भएको उक्त घटनाले राष्ट्रिय रूपमा ठूलो बहस सिर्जना गर्‍यो । त्यसपछि चिकित्सक संघले फेरि 'जेल विदाउट बेल'को माग अघि सार्दै सरकारमाथि दबाब बढायो । राजनीतिक संलग्नतामै स्वास्थ्यकर्मीमाथि आक्रमण भएको भन्दै स्वास्थ्य क्षेत्रका पेसागत संगठनहरू एक ठाउँमा उभिए ।

उनीहरूले अध्यादेशमार्फत् तत्काल स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षासम्बन्धी ऐन संशोधन गर्न र आक्रमणकारीलाई कडा कारबाही गर्ने व्यवस्था गर्न सरकारलाई दबाब दिए । त्यसपछि सरकारले स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षासम्बन्धी ऐन (पहिलो संशोधन) अध्यादेश २०७९ जारी गर्‍यो । तत्कालीन सरकारले अध्यादेशमार्फत कानुनी व्यवस्था केही कडा बनायो । तर चिकित्सकहरूको मागअनुसार आक्रमणलाई पूर्ण रूपमा गैरजमानतीय कसुर बनाउने व्यवस्था भने तत्काल समेटिएन ।

पछि अर्को अध्यादेशमार्फत स्वास्थ्य संस्था तोडफोड, आगजनी तथा उपचारमा संलग्न स्वास्थ्यकर्मीमाथि आक्रमण जस्ता कसुरलाई छुट्टै रूपमा समेटेर कारबाहीको प्रक्रिया अघि बढाउने व्यवस्था आयो ।

---

**सीमित...**

दोस्रो चरणमा १ माघदेखि उपत्यका बाहिरका सम्पूर्ण महानगरपालिका,उप-महानगरपालिका र नगरपालिकाहरूमा यसको कार्यान्वयन गरिने छ भने तेस्रो चरणमा आगामी वर्ष १ साउन २०८४ देखि देशभरिका बाँकी सम्पूर्ण गाउँपालिकामा यो ऐन लागु हुने अवधि तोकिएको छ ।

नयाँ व्यवस्था लागु भएसँगै अब पशु बधशाला स्थापना गर्न र मासु पसल सञ्चालन गर्न सरकारी निकायबाट अनिवार्य इजाजतपत्र लिनुपर्ने छ । ऐनमा पशु वध गर्नुअघि तिनको अनिवार्य स्वास्थ्य परीक्षण गर्नुपर्ने र परीक्षणबाट 'स्वस्थ' प्रमाणित भई विशेष चिन्ह लगाइएका पशुपन्छीको मात्र वध गर्न पाइने नियम छ । बध गरिसकेपछि पनि मासु निरीक्षकले स्वच्छता प्रमाणित गरेपछि मात्रै उपभोक्तालाई बिक्री गर्न अनुमति दिइने छ ।

यसका साथै, एउटा जनावरको मासुमा अर्को जनावरको मासु मिसाउन, मासुको तौल बढाउन वा स्वाभाविक स्वाद र गुण परिवर्तन हुने गरी कुनै पनि बाह्य पदार्थ मिसाएर बिक्री गर्न पूर्णरूपमा बन्देज गरिएको छ । अनुगमन क्रममा अस्वस्थकर वा गुणस्तरहीन मासु फेला परे निरीक्षकले त्यस्तो मासु जफत गरी बिक्रीमा रोक लगाउनेछन् । विनाइजाजत वधशाला चलाउने वा रोगी पशुपन्छीको दूषित मासु बेच्नेलाई हालको ऐन अनुसार ५ हजारदेखि २० हजार रुपैयाँसम्म जरिबाना, एकदेखि तीन महिनासम्म कैद वा दुवै सजाय हुने व्यवस्था छ ।

ऐन कार्यान्वयनमा आएसँगै बजारमा बिरामी परेका र मरेका पशुपन्छीको मासु बिक्री वितरण रोकिने विश्वास छ । सरकारले 'पशु वधशाला र मासु जाँच (पहिलो संशोधन) विधेयक २०८२' मार्फत कानुन थप कडा बनाउँदै सजायको मात्रा १० गुणासम्म वृद्धि गर्ने र नयाँ मापदण्ड तय गर्ने प्रक्रिया पनि अगाडि बढाएको छ । पुरानो ऐनमा गाई, गोरु र साँढेबाहेक चौपाया र पन्छीलाई मात्र पशुको परिभाषाभित्र राखिएको थियो ।

जसमा बँदेल समेत समावेश थियो । तर, अब नयाँ विधेयकले 'बँदेल' शब्दपछि 'माछा' शब्दलाई पनि थपेको छ । अब माछाको व्यावसायिक कारोबार, ओसारपसार र गुणस्तर जाँच पनि पशु वधशाला तथा मासु जाँच ऐनकै कानुनी दायराभित्र आउने छ । ऐनमा पशु वध गर्नुअघि स्वास्थ्य जाँच नगराउने, बधशाला बाहेक अन्यत्र वध गर्ने वा रोगी पशुको मासु बेच्नेलाई ५ हजारदेखि १० हजार रुपैयाँसम्म मात्र जरिबाना हुने गरेकोमा त्यसलाई बढाएर पहिलो पटककै कसुरमा २५ हजारदेखि ५० हजार रुपैयाँसम्मको प्रस्ताव गरिएको छ ।

त्यस्तै इजाजत नलिई बधशाला चलाउने वा एउटा जातको पशुको मासुमा अर्को जातको मासु मिसावट गर्नेजस्ता गम्भीर कसुरमा पहिलेको १० देखि २० हजार जरिबाना बढाएर ५० हजारदेखि १ लाख रुपैयाँसम्म र जेल सजाय समेत हुने प्रस्ताव गरिएको छ ।

**दाहाललाई ...**

'निवेदकले यो संविधान र कानुनविरुद्ध हिंसात्मक अन्दोलनको आह्वान गरेको भन्ने समेत नदेखिएको र नेपालको संविधानको धारा १७ (२) (क) ले दिएको विचार र अभिव्यक्तिको स्वतन्त्रतासम्बन्धी मौलिक हकको शान्तिपूर्वक उपयोग गरी विचार अभिव्यक्त गरेको देखिएको स्थितिमा निवेदकलाई हिरासतमा नै राखेर अनुसन्धान गर्नु पर्नेसम्मको कुनै पनि आधार र कारण यस अदालतबाट भएको आदेश बमोजिम प्राप्त अनुसन्धान मिसिलबाट देखिँदैन ।'-आदेशमा भनिएको छ ।

जिल्ला अदालत काठमाडौंले पहिलो पटक ३ दिनको लागि थुनामा राख्न अनुमति दिएको थियो ।

म्याद थपको अनुमति प्रदान गर्दा निवेदकको बयान कार्य सम्पन्न गर्न समेतका लागि भन्ने आधार खुलाइएको थियो। असोज ६ गते दाहालको बयान समेत सम्पन्न भइसकेको छ ।

अदालतले भनेको छ-'निवेदकलाई थुनामा नै राख्नु पर्नेसम्मको अवस्था विद्यमानता नरहेको देखिएको अवस्थामा अनुसन्धानलाई निरन्तरता दिनु पर्ने भए मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५ बमोजिम आजैका मितिबाट निवेदक भरतमणी दाहाललाई तारिखमा राखी अनुसन्धान गर्नू भनि नेपाल प्रहरी प्रधान कार्यालय, साइवर ब्यूरो भोटाहिटीका नाममा परमादेशको आदेश जारी गरिदिएको छ ।'

**भदौ ...**

यसैबिच नेकपा एमालेले विधानमा रहेको १० प्रतिशत सदस्य मनोनीत गर्न सकिने व्यवस्थाअनुसार अन्य दलबाट एमालेमा आएका १३ जनासहित ३३ जनालाई केन्द्रीय सदस्यमा मनोनीत गरेको छ । एमालेले स्थायी कमिटीमा समेत ७ जना सदस्य मनोनीत गरेको छ ।

एमालेले मनोनीत गरेका केन्द्रीय सदस्यमा काशीनाथ अधिकारी, देवराज घिमिरे, हरि रिजाल, पासाङ शेर्पा, नरेन्द्र भट्टराई, नाथुराम देवकोटा, धर्म गिरी, नारायण घर्ती, विद्युसुन्दर शाक्य, पाल्देन छोपाङ गुरुङ, शान्तिलाल महत, विनोद पाण्डे, प्रेम दङ्गाल, पुष्पराज श्रेष्ठ, विमला घिमिरे, श्रीमाया थकाली, जानुका सिंहखडा, बिना वास्तोला, कौशिला खत्री र सुरेन्द्र उदास रहेका छन् ।

त्यस्तै, अन्य दलबाट एमालेमा आएका मोहम्मद इस्तियाक राई, प्रदीप यादव, अब्दुल हुसेन, डिबी काकी, भवानी खापुङ, दीपक खम्बु, जय गोदेल, धर्मराज निरौला, ददी चाम्लिङ, विनोद पहाडी र रामप्रताप पासवान पनि मनोनीत केन्द्रीय सदस्यमा परेका छन् ।

एमालेले स्थायी कमिटीमा समेत ७ जना सदस्य मनोनीत गरेको छ । पूर्वराष्ट्रपति विद्यादेवी भण्डारी भने एमालेको वरिष्ठ नेताका रूपमा रहेकी छन् । पार्टी विधानले केन्द्रीय कमिटीमा १० प्रतिशत सदस्य मनोनीत गर्न सकिने व्यवस्था गरेको छ । सोही व्यवस्थाअनुसार एमालेले नयाँ सदस्य मनोनीत गरेको हो ।

## जिल्ला प्रशासन कार्यालय, तानसेन, पाल्पा

### विषयः प्रमाणित सम्बन्धमा




**श्री जो जससंग सम्बन्ध छ ।**

**पाल्पा जिल्ला साविक बौघागुम्हा गा.वि.स. वडा नं. ६, तानसेन नगरपालिका वडा नं. १३ निवासी JC ६२९४०५L का भीम बहादुर साही (ना.प्र.मा भीम बहादुर राना) को नेपाली नागरिकता प्रमाणपत्रमा नामथर भीम बहादुर राना जन्म मिति वि.सं. २०१३।१२।१३ र पेन्सन अभिलेखमा नामथर भीम बहादुर साही जन्ममिति सन् १९५८।३।२९ र निजको श्रीमती दुम कुमारीको नेपाली नागरिकता प्रमाणपत्रमा नामथर दीन कुमारी राना जन्ममिति वि.सं. २०१५।१०।१४ र पेन्सन अभिलेखमा नामथर दुम कुमारी जन्ममिति सन् १९५६।९।४ रही नामथर फरक परेकोमा उपरोक्त फरक फरक नामथर भएका व्यक्ती एकै भएको व्यहोरा प्रमाणित गरि पाउ भनि यस कार्यालयमा निवेदन पेश गर्नु भएकोमा सम्बन्धित तानसेन नगरपालिका वडा नं. १३ को च.नं १४८/१४९ मिति २०८३/०५/२५ को सिफारिसपत्रबाट समेत लेखि आएकोले सोही व्यहोरा पेन्सन प्रयोजनको लागि प्रमाणित गरिएको छ ।**

प्रमुख जिल्ला अधिकारी

## जिल्ला प्रशासन कार्यालय, रूपन्देही

### विषयः प्रमाणित सम्बन्धमा



**श्री जो जससंग सम्बन्ध छ ।**

**जिल्ला रुपन्देही सैनामैना नगरपालिका वडा नं. ४ मा बस्ने भारत सरकारको 1/1 GR भु.पु. सैनिक नं. JC २०५३२८P सुवेदार पदका पेन्सनर डिल बहादुर थापा (ने.ना.प्र.नं. मा डिल बहादुर मकवानी) ले आफ्नो श्रीमती नन्दी मकवानीको नेपाली नागरिकता प्रमाणपत्रमा नामथर नन्दी मकवानी जन्ममिति २०१९/०५/१७ रहेको र आफ्नो भारतीय पेन्सन अभिलेखमा श्रीमतीको नामथर NANDA KUMARI जन्ममिति ई.सं. १९५८/०४/१४ रही नामथर र जन्ममिति फरक परेकोमा दुवै नामथर र जन्ममिति भएको व्यक्ति एकै रहेको व्यहोरा प्रमाणित गरिपाउ भनि यस कार्यालयमा निवेदन पेश गर्नु भएकोमा सैनामैना नगरपालिका ४ नं. वडा कार्यालयको च.नं ५४६ मिति २०८३/०६/०५ को सिफारिसबाट समेत लेखि आएकोले सोही व्यहोरा सिफारिस गरिएको छ ।**

प्रमुख जिल्ला अधिकारी

## श्री बुद्धशान्ति साझेदारी वन उपभोक्ता समूह

रामग्राम-१८ (साविक, वन्जरीया - ९) नवलपरासी

### गोलिया काठ लिलाम सम्बन्धी सूचना ।

प्रकाशन मिति : २०८३/०६/०९

उपरोक्त सम्बन्धमा यस साझेदारी वनको स्वीकृत वन व्यवस्थापन कार्ययोजना बमोजिम आ.व. २०८०।०८१ र ०८१।०८२ मा कटान मुछान भई यस साझेदारी वन उपभोक्ता समूहको भागमा परेको साल, समेत विभिन्न जातको गोलिया थान ७३६ को ५२९७३२ क्यु. फिट र आ.व. २०७४।०७५ देखि २०७६।०७७ मा कटान मुछान भई यस समूहको भागमा परेको पुरानो गोलिया काठ पुन नाप जाच तथा ग्रेडिङ भएको साल जातको गोलिया थान १३९१ को ५८६८.९५ क्यु. फिट र २०८२२०८३ मा सुधार कटानबाट कटान मुछान भई यस साझेदारी वन उपभोक्ता समूहको भागमा परेको साल समेत विभिन्न जातको गोलिया थान ९१९ को ८९६४.६१ क्यु. फिट गरी कुल जम्मा थान गोलिया ३०४६ को २०१३०.८८ क्युफिट लाई लट कायम गरी जे जस्तो अवस्थामा छ सोहि अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी गोप्य शिलबन्दी लिलाम प्रकृयाद्वारा बिक्री वितरण गर्नु पर्ने भएकोले ईजाजत प्राप्त फर्म कम्पनीबाट उपरोक्त लटहरुको लागी २१ दिन भित्र तोकिएको कार्यालयबाट बोलपत्र फाराम खरिद गरी २२औं दिनको १:०० बजे सम्म रीत पूर्वक अलग अलग लटको अलग अलग सिलबन्दि बोलपत्र पेश गर्न आह्वान गरिन्छ । विस्तृत जानकारी समूहको कार्यालयबाट प्राप्त गर्न सकिने छ ।

**वीरेन्द्र प्रसाद चौधरी**
**अध्यक्ष**

## Madhyabindu Municipal Hospital
## Madhyabindu Municipality

Chormara, Nawalparasi (East), Gandaki Province, Nepal

# Invitation for Bids

Date of publication: 2083-06-09 (25th Sept 2026)

1. Madhyabindu Municipal Hospital invites (Hard Copy) bids for eligible bidders for the following procurement under Sealed Quotation (SQ) – Single Stage Single Envelope (1S1E) procedure.

| S. N. | Bid Notice No. | Description of Work | Bid Security Fee | Bid Document Fee | Last Date for Purchageof Bid Document | Last Date for Bid Submission | Bid Opening Date |
|---|---|---|---|---|---|---|---|
| 1 | 01/SQ/MMH/ Goods/2083/84 | Procurement of General surgical Items | 50,000 | 1000 | 2083/06/15 During office Time | 2083/06/16 12:00 PM | 2083/06/16 14:00 PM |
| 2 | 02/SQ/MMH/ Goods/2083/84 | Procurement of Lab surgical Items | 30,000 | 1000 | 2083/06/15 During office Time | 2083/06/16 12:00 PM | 2083/06/16 14:00 PM |

2. Eligible bidders can purchase the bidding document from Madhyabindu Municipal Hospital, Chormara, Nawalparasi (East) and may obtain further information by email or phone (madhyabindumunicipalhospital@gmail.com, 078410082).
3. Sealed Bids must be submitted to the office Madhyabindu Municipal Hospital, Chormara, Nawalparasi (East) by hand/Courier on or before the deadline. Bids received after the deadline will be rejected. Bid Validity Period: 45/75 days.

**Bank Account Details**

| S.N. | Particulars | Details |
|---|---|---|
| 1 | Name of the Bank | Nepal Bank Limited,Chormara Branch |
| 2 | Account Name and Number For Bid Fee | Madhyabindu Nagar Aspatal, 31800107578503000001 |

**Medical Superintendent**


## ट्वाइलेट सफा गराउनुहोस्

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

## ट्वाइलेट सफा गराउनुहोस्

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प,बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।

सम्पर्कः
**तिनाउ सेनेटरी**
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३

## ट्वाइलेट सफा गराउनुहोस्

तपाईंको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

# सामाजिक कुप्रथा रोक्न सरोकारवालाको जोड




**अनिल नेपाली**
*अर्घाखाँची*

कानुनले निषेध गरिसकेका विभिन्न कुप्रथा, हानिकारक परम्परा र गलत सामाजिक मूल्य-मान्यता अझै पनि समाजमा भित्रभित्रै कायम रहेको भन्दै तिनको न्यूनीकरणका लागि सामूहिक पहल आवश्यक रहेकोमा सरोकारवालाले जोड दिएका छन् ।

ग्रामीण तथा पिछडिएका समुदायमा सामाजिक न्याय र सशक्तीकरणका लागि समुदाय स्तरबाटै सामाजिक सोच र व्यवहार परिवर्तन गर्नुपर्नेमा जोड दिँदै अर्घाखाँचीको भूमिकास्थान नगरपालिका-४ मा बहुसरोकारवालाबिच छलफल गरिएको छ ।

सामाजिक न्यायका लागि रूपान्तरण अभियान' अन्तर्गत 'हाम्रो साहस परियोजना'द्वारा दलित महिला सङ्घ र युएन वुमनको सहकार्य तथा दलित चेतना विकास परिषद् नेपाल, अर्घाखाँचीको सहजीकरणमा बहुसरोकारवालासँगको छलफल कार्यक्रम आयोजना गरिएको हो ।

कार्यक्रममा समाजमा अझै विद्यमान हानिकारक परम्परा, कुप्रथा तथा गलत मूल्य-मान्यताले महिला, दलित तथा पछाडि पारिएका समुदायलाई प्रत्यक्ष असर पारिरहेको विषयमा छलफल गरिएको थियो ।

यस्ता सामाजिक अभ्यास न्यूनीकरणका लागि स्थानीय सरकार, समुदाय, नागरिक समाज, सञ्चार क्षेत्र तथा सरोकारवाला सबैको भूमिका महत्त्वपूर्ण हुने सहभागीको भनाइ थियो ।

कार्यक्रममा राष्ट्रिय कृषि आधुनिकीकरण परियोजना प्रमुख विष्णु मगराँतीले कानुनले निषेध गरेका कुप्रथा अझै समाजमा जरा गाडेर रहनु चिन्ताको विषय भएको बताए । यस्ता हानिकारक मान्यतालाई परिवर्तन गर्न भाषणमा मात्र सीमित नभई व्यवहारमै परिवर्तन ल्याउन आवश्यक रहेको उनको भनाइ थियो । ग्रामीण तथा पिछडिएका समुदायमा सामाजिक न्याय र सशक्तीकरणका लागि समुदायका अगुवासँग यस्ता कार्यक्रम सञ्चालन गर्नु सकारात्मक रहेको बताउँदै मगराँतीले समाजमा रहेका हानिकारक परम्परा न्यूनीकरणमा संस्थाले खेलेको भूमिका महत्त्वपूर्ण रहेको बताए । आफू स्थानीय सरकारको प्रमुखसमेत भएकाले यस्ता सामाजिक समस्या न्यूनीकरण गर्न प्रतिबद्ध रहेको उनले बताए ।

कार्यक्रममा भूमिकास्थान नगरपालिका-४ का अध्यक्ष बाबुराम पन्थी सुनारले समाजमा विद्यमान हानिकारक परम्परा न्यूनीकरणका लागि सबै पक्षको सक्रिय भूमिका आवश्यक रहेको बताए ।

कार्यक्रममा पत्रकार अनिल नेपालीले समाजमा रहेका हानिकारक तथा विद्यमान परम्पराका विषयमा सहजीकरण गरेका थिए । उनले दलित महिला सङ्घले महिलावादी अभियान, समावेशी सशक्तीकरण तथा जातीय, लैङ्गिक र अपाङ्गता भएका व्यक्तिको क्षेत्रमा काम गर्दै आएको जानकारी दिए । उनका अनुसार संस्थाले समुदायसँग मिलेर विभिन्न परियोजना सञ्चालन गर्दै महिला सशक्तीकरण तथा दिगो विकासमा जोड दिँदै आएको छ ।

संस्थाले 'हाम्रो साहस परियोजना' अन्तर्गत सामाजिक हानिकारक मूल्य-मान्यता न्यूनीकरण एवं लैङ्गिक समानताका लागि सामाजिक मूल्य-मान्यता परिवर्तन परियोजना सञ्चालन गरिरहेको छ । परियोजनाको मुख्य लक्षित वर्गमा महिला, दलित समुदाय र युवा रहेका छन् । सामाजिक कुरीति न्यूनीकरण, संस्थागत क्षमता अभिवृद्धि तथा लैङ्गिक हिंसा न्यूनीकरण गर्नु परियोजनाको मुख्य उद्देश्य रहेको बताइएको छ ।

कार्यक्रममा परम्परागत सोच र व्यवहार परिवर्तनका लागि यस्ता अभियान महत्त्वपूर्ण हुने बताइएको थियो । न्यायबाट टाढा रहेका, बेसहारा अवस्थामा जीवन बिताइरहेका तथा अन्याय र हिंसामा परेका महिलालाई जीविकोपार्जनसँग जोड्नसमेत सबैको सहयोग आवश्यक रहेकोमा जोड दिइएको थियो ।

कार्यक्रममा वडा सदस्य, कुसुम डाँडा पैरवी समूहका अध्यक्ष तथा सदस्य, बुद्धिजीवी लगायतले समाजमा रहेका हानिकारक परम्परा न्यूनीकरण गर्न सबैको भूमिका महत्त्वपूर्ण हुने बताएका थिए ।

संस्थाकी सहजकर्ता राधा नेपालीको अध्यक्षता तथा अनिल नेपालीको सञ्चालनमा कार्यक्रम सम्पन्न भएको थियो । कार्यक्रममा उल्लेखनीय सहभागिता रहेको थियो ।

अर्घाखाँचीका प्रहरी नायब उपरीक्षक डियसपी दिवस ब जिसिले आर्थिक बर्षमा २०८२/८३ मा सबैभन्दा दलित तथा उत्पिडित समुदायका घटना ४२ प्रतिशत रहेको बताएका छन् । घटना लैङ्गिक घरेलु हिसासग सम्बन्धित रहेको आत्महत्या गर्नेमा सबैभन्दा बढी दलित समुदाय रहेको बताएका छन् ।

# रूपन्देहीका ६ नगरमा को–को भए कांग्रेस सभापति ?













बुटवल । नेपाली कांग्रेसको १५औँ महाधिवेशनअन्तर्गत रुपन्देहीका एक उपमाहनगर र ५ नगरपालिकामा नगर अधिवेशन सम्पन्न भएका छन् । अधिवेशनबाट बुटवल, सिद्धार्थनगर, तिलोत्तमा, सैनामैना, देवदह र लुम्बिनी सांस्कृतिक नगरपालिकामा नयाँ नेतृत्व चयन भएको छ ।

बुटवल नगर सभापतिमा ज्योति भण्डारी निर्वाचित भएका छन् । बुधबार सम्पन्न निर्वाचनमा भण्डारीले ४११ मत प्राप्त गर्दै सभापतिमा विजयी भएका हुन् । उनका प्रतिस्पर्धी जितबहादुर मल्लले २२६ मत प्राप्त गरे ।

नगर उप-सभापतिमा गणेश घिमिरे ३४९ मतसहित विजयी भए । महिला उप-सभापतिमा गंगा पन्थीले ३८० मत प्राप्त गर्दै निर्वाचित भइन् । सचिवमा अर्जुन गिरी ३४९ मतसहित निर्वाचित हुँदा सहसचिवमा नारायण खनालले ३०४ मत प्राप्त गरे ।

युवा सदस्यमा सगुन पुन र डा. सन्तोषप्रसाद ढकाल निर्वाचित भएका छन् । सिद्धार्थनगर नगर सभापतिमा देवराज न्यौपाने निर्वाचित भएका छन् । न्यौपानेले ३१८ मतमध्ये १५९ मत प्राप्त गर्दै सभापतिमा विजयी हुँदा उनका प्रतिस्पर्धी सञ्जीव शर्मा रेग्मीले १५० मत प्राप्त गरे ।

उप-सभापतिमा गौरव श्रेष्ठ, निलु श्रीस मगर, सहसचिवमा धर्मवीर शर्मा र दिनेश केवट निर्वाचित भएका छन् । सदस्य खुलातर्फ सिद्धार्थनगर-१ का माधव शर्माले १६७ मत प्राप्त गर्दै विजयी भए । महिला सदस्यतर्फ सिद्धार्थनगर-६ की सीतादेवी थारू १६० मतसहित निर्वाचित भइन् । अन्य वडा, युवा तथा दलिततर्फका सदस्यहरू भने निर्विरोध निर्वाचित भएका छन् ।

तिलोत्तमा नगर सभापतिमा नारायण ढकाल निर्वाचित भएका छन् । दुई प्यानलबिच भएको निर्वाचनमा ढकालले ३२७ मत प्राप्त गर्दा उनका प्रतिस्पर्धी भेषराज पाण्डेले १५९ मत प्राप्त गरे ।

उप-सभापतिमा रमेशप्रसाद पराजुली र महिला उप-सभापतिमा शोभाकुमारी रानाले जित हासिल गरेका छन् । पराजुलीले ३०३ र रानाले ३३१ मत प्राप्त गरेका छन् ।

सचिवमा प्रदीपकुमार थापा ३६७ मतसहित निर्वाचित हुँदा सहसचिवमा कोपिला भट्टराई काफ्ले ३२१ मतसहित निर्वाचित भएकी छन् ।

सैनामैना नगर सभापतिमा विमल ज्ञवाली विजयी भएका छन् । नगर सभापति पदका लागि भएको निर्वाचनमा ज्ञवालीले २०९ मत प्राप्त गर्दै निर्वाचित हुँदा प्रतिस्पर्धी गोपाल पोखरेलले ९३ र लोकनाथ अधिकारीले ७ मत प्राप्त गरे ।

नगर उप-सभापतिमा सीता अर्यालले १७७ मत प्राप्त गर्दै निर्वाचित हुँदा प्रतिस्पर्धी सीता कुँवरले १२६ मत पाइन् । खुला उपसभापति, सचिव र सहसचिव पदमा क्रमशः टीकाराम उप्रेती, चुडामणि घिमिरे र रामप्रसाद सापकोटा निर्विरोध निर्वाचित भएका छन् । देवदह नगर कार्यसमिति सभापतिमा अमर लामिछाने निर्वाचित भएका छन् । नगर उप-सभापतिमा मिलन मास्के राना र कमला अर्याल तथा सचिवमा दीपक पौडेल निर्वाचित भएका छन् ।

लुम्बिनी सांस्कृतिक नगरपालिका नगर सभापतिमा वीरेन्द्रबहादुर त्रिपाठी निर्विरोध निर्वाचित भएका छन् । उपसभापतिमा जुबेर अहमद खान र पुष्पा उपाध्याय तथा सहसचिवमा श्यामसुन्दर निर्वाचित भएका छन् ।

# शिक्षालय, विद्यालय र उद्योगीबिच सहकार्यका लागि समझदारी पत्रमा हस्ताक्षर

बुटवल । रूपन्देही उद्योग संघ र इन्स्योर परियोजनाको सहकार्यमा स्थापित सीप विकास इकाईको आयोजनामा दक्ष श्रमशक्ति उत्पादन, व्यवहारिक शिक्षा र रोजगारीको सुरक्षा सन्दर्भमा समझदारी पत्रमा हस्ताक्षर कार्यक्रम सम्पन्न भएको छ ।

रूपन्देही उद्योग संघका अध्यक्ष कृष्णप्रसाद पराजुलीको अध्यक्षतामा सम्पन्न कार्यक्रममा बोल्दै उनले शिक्षालयमा प्राप्त ज्ञानलाई उद्योगको व्यवहारिक आवश्यकतासँग जोड्न सके मात्रै दक्ष तथा रोजगारमुखी जनशक्ति उत्पादन गर्न सकिने बताए । विद्यार्थीलाई अध्ययनसँगै उद्योगको वास्तविक कार्य वातावरण, प्रविधि र कार्यप्रणालीबारे जानकारी गराउन सके उनीहरूको व्यावसायिक क्षमता विकासमा महत्वपूर्ण योगदान पुग्ने उनले उल्लेख गरे । शिक्षालय र उद्योगबिचको दूरी कम गर्दै विद्यार्थीलाई सीप, अनुभव र रोजगारीको अवसरसँग जोड्न रूपन्देही उद्योग संघले समन्वयकारी भूमिका निर्वाह गर्दै आएको र आगामी दिनमा पनि यस्तो सहकार्यलाई थप विस्तार गरिने उनले बताए ।

कार्यक्रममा लुम्बिनी प्रदेशका प्रदेश प्रबन्धक अम्बिकाप्रसाद तिमिल्सिनाले कार्यक्रमको पृष्ठभूमि तथा विद्यालय र उद्योगबिच हुने समझदारी पत्रको मस्यौदा प्रस्तुत गरेका थिए । मस्यौदा प्रस्तुत गर्दै तिमिल्सिनाले उद्योग क्षेत्रको आवश्यकता पहिचान गरी त्यसअनुसार विद्यार्थीमा आवश्यक ज्ञान, सीप र व्यवहारिक क्षमता विकास गर्न विद्यालय तथा उद्योगबिच सहकार्य आवश्यक रहेको बताए ।

उनले शिक्षालय, विद्यालय र उद्योगीबिच नियमित समन्वय कायम गरी सीप विकास, औद्योगिक भ्रमण, प्रयोगात्मक सिकाइ, कार्यस्थलमा आधारित सिकाइ तथा रोजगारीका सम्भावनासँग विद्यार्थीलाई जोड्ने वातावरण निर्माण गर्न समझदारी पत्रले आधार तयार गर्ने बताए ।

कार्यक्रमको उद्देश्यबारे प्रकाश पार्दै रूपन्देही उद्योग संघका प्रमुख कार्यकारी अधिकृत यादव प्रसाद भण्डारीले विद्यालय तथा उद्योगबीच सहकार्य, समझदारी र साझेदारी विकास गर्न संघले समन्वयकारी भूमिका निर्वाह गर्दै आएको उल्लेख गर्दै शिक्षालयमा सिकेको ज्ञानलाई उद्योगको व्यवहारिक आवश्यकतासँग जोड्न सके मात्र सीपयुक्त र उत्पादनशील जनशक्ति तयार गर्न सकिने जनाए । उनले विद्यार्थीलाई भविष्यको रोजगारी तथा उद्यमशीलताका लागि तयार पार्न उद्योग र शिक्षालय दुवैले साझा जिम्मेवारी लिनुपर्ने धारणा व्यक्त गरे ।

कार्यक्रममा प्रस्तुत गरिएको समझदारी पत्रको मस्यौदामाथि सहभागी उद्योग तथा शिक्षालयका प्रतिनिधिहरूबिच खुला छलफल समेत गरिएको थियो । छलफलका क्रममा विद्यालयले उत्पादन गर्ने जनशक्ति र उद्योगको आवश्यकताबीचको अन्तर घटाउने, विद्यार्थीलाई व्यवहारिक सीप प्रदान गर्ने तथा उद्योग-शिक्षालय सहकार्यलाई संस्थागत बनाउने विषयमा विभिन्न सुझावहरू प्रस्तुत गरिएको थियो ।

मस्यौदासम्बन्धी सुझाव संकलन तथा प्रतिबद्धता र हस्ताक्षरसम्बन्धी सहजीकरण लुम्बिनी प्रदेशका टिभेट कोर्डिनेटर नेपालु राम चौधरी र सीप विकास इकाईका कार्यक्रम संयोजक खिमानन्द रिजालले गरेका थिए ।

कार्यक्रममा विभिन्न शिक्षालय, विद्यालय रउद्योगका प्रतिनिधि, सीटीईभीटीकी आईटी अफिसर रोदिता शाक्यसहित ४६ जनाको सहभागिता रहेको कार्यक्रमको सञ्चालन रूपन्देही उद्योग संघका सचिव अशोक कुँवरले गरेका थिए ।

शिक्षालय, विद्यालय र उद्योगीबिच भएको यस्तो सहकार्यले विद्यार्थीलाई सीप, अनुभव र रोजगारीको अवसरसँग जोड्नुका साथै उद्योगका लागि आवश्यक दक्ष जनशक्ति उत्पादनमा समेत महत्वपूर्ण योगदान पुग्ने अपेक्षा गरिएको छ ।

# ३० लाखको सडक तीन महिनामै बिग्रियो

**भुवन पाण्डे**
*रूपन्देही*



रुपन्देहीको सियारी गाउँपालिका-३ लक्ष्मीपुरमा करिब ३० लाख रुपैयाँ लागतमा निर्माण गरिएको आरसीसी सडक तीन महिना नपुग्दै बिग्रिएको छ । सडक बिग्रिएपछि निर्माणको गुणस्तरमाथि प्रश्न उठेको छ ।

गाउँपालिकाको बजेटमा प्रिमियम कन्स्ट्रक्सन, काठमाडौंले सडक निर्माण गरेको हो । सडक गत वैशाखको दोस्रो सातातिर निर्माण गरिएको हो । सडक दुई खण्डमा बनाइएको छ । एउटा खण्ड ७५ मिटर र अर्को ९० मिटरको छ । ९० मिटरको खण्ड सामान्य अवस्थामा छ । तर, ७५ मिटरको खण्ड भने ठाउँ-ठाउँमा बिग्रिएको छ ।

सडकको माथिल्लो सिमेन्टको सतह उप्किएको छ । सतह उप्किएपछि तलको गिट्टी अर्थात् मिस्कट देखिएको छ । कतिपय ठाउँमा कोट्याउँदा गिट्टीसमेत निस्किने अवस्था छ । सडक बिग्रिएको जानकारी दुई महिनादेखि गराए पनि सम्बन्धित निकायले कुनै पहल नगरेको स्थानीयहरुको आरोप छ । स्थानीय सोमनाथ यादवका अनुसार सडक निर्माणकै क्रममा गुणस्तरबारे प्रश्न उठाइएको थियो । स्थानीयले गाउँपालिकालाई समेत यसबारे जानकारी गराएका थिए । स्थानीय रामभरत कुर्मीले सडकको केही भागमा गिट्टी राम्रोसँग नजमेको बताए । उनका अनुसार सडक निर्माण भएको छोटो समयमै समस्या देखिन थालेको हो । सडक निर्माणका क्रममा स्थानीयले आधार संरचना, कंक्रिटको गुणस्तर र स्लाबको मोटाइबारे प्रश्न उठाएका थिए ।

त्यसबेला गाउँपालिकाले गुणस्तर परीक्षणपछि मात्र अन्तिम भुक्तानी गर्ने बताएको थियो । तर, स्थानीयले भने आवश्यक गुणस्तर परीक्षण नभएको आरोप लगाएका छन् । स्थानीय सुभास कुर्मीले सडक निर्माणको गुणस्तरबारे प्राविधिक परीक्षण हुनुपर्ने बताए । उनका अनुसार सडक यति छोटो समयमा बिग्रनुको कारण पत्ता लगाउन आवश्यक छ ।

सडक बिग्रिएको दुई महिनापछि बल्ल गाउँपालिकाले निर्माण कम्पनीलाई मर्मतका लागि पत्र पठाएको छ । निर्माण कम्पनीको मर्मतसम्भारको जिम्मेवारी अवधि अझै बाँकी छ । सियारी गाउँपालिकाका इञ्जिनियर दिलिप भट्टराईले सडक मर्मत निर्माण कम्पनीले नै गर्ने बताए । उनका अनुसार निर्माण कम्पनीलाई आवश्यक प्रक्रिया पूरा गरी मर्मत गर्न भनिएको छ । तर, स्थानीय मर्मत गरेर मात्र समस्या समाधान हुनेमा विश्वस्त छैनन् । सडक किन यति छिट्टै बिग्रियो भन्ने विषयमा प्राविधिक परीक्षण हुनुपर्ने उनीहरूको माग छ ।

कंक्रिटमा प्रयोग भएको सिमेन्ट, बालुवा र गिट्टीको अनुपात परीक्षण गर्नुपर्ने उनीहरू बताउँछन् । स्लाबको मोटाइ पनि मापदण्डअनुसार भए-नभएको जाँच गर्नुपर्ने उनीहरूको माग छ । त्यस्तै, सडकको सब-बेस र बेस राम्रोसँग कम्प्याक्ट गरिएको थियो कि थिएन भन्ने पनि परीक्षण गर्नुपर्ने स्थानीयको भनाइ छ । कंक्रिट राखेपछि आवश्यक क्युरिङ गरिएको थियो कि थिएन भन्ने विषय पनि जाँच गर्नुपर्ने उनीहरूको माग छ ।

यो सडक एम-१५ ग्रेडको आरसीसी कंक्रिट प्रयोग गरेर निर्माण गरिएको गाउँपालिकाले जनाएको छ । इञ्जिनियर भट्टराईले कंक्रिटको गुणस्तर र मजबुती परीक्षण गरेर मात्र काम अघि बढाइएको दाबी गरेका छन् ।

हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईंको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका
प्रमुख शहरहरूमा पठाउनु परेमा
हामीलाई सम्झनुहोस्
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन) फोन:- ०७१५४२५७१

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा
डिजाइनका साथै सम्पूर्ण छपाईको लागि
सधै हामीलाई सम्झनुहोस् !
आइडिया
डिजाइनर्स/
अफसेट प्रेस
सम्पर्क:
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोन:-०७१-५५०२९३ मो.
९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com







सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com